# जाँचबुझ तथा अनुसन्धान आयोग ऐन, २०७६

प्रमाणीकरण मिति :- २०७६।०४।२३

<u>प्रस्तावना</u>: प्रदेश भित्र सार्वजनिक महत्वको विषयमा जाँचबुझ गर्न जाँचबुझ आयोगको गठन र त्यस्ता आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम **"जाँचबुझ तथा अनुसन्धान आयोग ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अदालत"** भन्नाले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतलाई सम्झनुपर्छ।

(ख) **"अध्यक्ष"** भन्नाले यस ऐन बमोजिम गठन हुने जाँचबुझ आयोगको अध्यक्ष सम्झनुपर्छ।

(ग) **"आयोग"** भन्नाले यस ऐनको दफा ३ बमोजिम गठन भएको आयोग सम्झनु पर्छ ।

(घ) **"तोकिएको" वा "तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ङ) **"प्रचलित कानून"** भन्नाले नेपाल सरकार र प्रदेश सरकारले बनाइ लागू गरेको कानून सम्झनुपर्छ ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ लाई सम्झनुपर्छ ।

(छ) **"सदस्य"** भन्नाले यस ऐन बमोजिम गठन हुने आयोगको सदस्य सम्झनुपर्छ।

(ज) **"सरकारी वा सार्वजनिक निकाय"** भन्नाले प्रदेश सरकारसँग सम्बन्धित प्रदेशका सरकारी वा सार्वजनिक निकाय सम्झनुपर्छ ।

३. **<u>आयोगको गठन</u>**: (१) प्रदेश भित्रका कुनै सार्वजनिक महत्वका विषयमा जाँचबुझ गर्न प्रदेश सरकारले देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने गरी जाँचबुझ तथा अनुसन्धान आयोगको गठन गर्न सक्नेछ ।

(क) उच्च अदालतका पूर्व न्यायाधीश वा न्याय वा कानूनको क्षेत्रमा कम्तिमा बीस वर्ष काम गरेको व्यक्ति मध्येबाट एक जना –अध्यक्ष

(ख) अनुसन्धान गर्नुपर्ने सम्वन्धित विषयमा विशेषज्ञता हासिल गरेको –सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

व्यक्तिमध्ये एक जना

(ग) कुनै खास विषयमा कम्तीमापन्ध्र वर्षको अनुभव प्राप्त गरेको व्यक्तिमध्ये एक जना –सदस्य

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले जाँचबुझ आयोग गठन गरेको विषयमा प्रदेश सरकारले जाँचबुझ तथा अनुसन्धान आयोग गठन गर्न सक्नेछैन ।

(३) उपदफा (१) बमोजिमको आयोग गठन गरेको जानकारी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नेछ ।

(४) आयोगको लागि आवश्यक बजेट, जनशक्ति, कार्यालय र पारिश्रमिक प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

४. <u>शपथ लिनुपर्ने</u>: (१) आयोगलाई तोकिएको काम शुरु गर्नुअघि आयोगका अध्यक्ष र सदस्यले अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ ।

(२) ऐनको दफा ३ को उपदफा (१) बमोजिम गठन भएको आयोगको अध्यक्ष र सदस्यले मुख्यमन्त्री समक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ ।

५. **<u>आयोगको काम, कर्तव्य र अधिकार</u>:** (१) आयोगको काम, कर्तव्य र अधिकार आयोगको गठन सम्बन्धी सूचनामा तोकिए बमोजिम हुनेछ ।

(२) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र र विषयमा आयोगले जाँचबुझ तथा अनुसन्धानको काम सम्पन्न गरी प्रदेश सरकार समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि भित्र प्रतिवेदन पेश गर्न नसकेको कारण खुलाई अवधि थप गर्नको लागि आयोगले अनुरोध गरेमा प्रदेश सरकारले आवश्यक अवधि थप गर्न सक्नेछ ।

(४) आयोगलाई देहायका विषयमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको सबै अधिकार हुनेछ,

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेश गर्न आदेश दिने,

(ग) प्रमाण तथा सर्जमिन बुझी तथ्य संकलन गर्ने,

(घ) सरकारी, गैरसरकारी संघसंस्था, कम्पनी, फर्म वा कार्यालयबाट सम्बन्धित लिखत वा त्यसको नक्कल झिकाउने,

(ङ) प्रदेश भन्दा बाहिरका कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, कम्पनी, फर्म वा कार्यालयबाट सूचना तथा प्रमाण झिकाउँन सक्नेछ । यसरी प्रमाण झिकाउँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गर्नुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(५) उपदफा (४) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झे बमोजिमको समय तोकी म्याद जारी गर्न सक्नेछ ।

(६) उपदफा (४) मा उल्लेख भएका अधिकारहरूको अतिरिक्त आयोगले आवश्यकता अनुसार देहायका अधिकारको प्रयोग गर्न सक्नेछ:

(क) जाँचबुझको विषय सम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलित कानूनको अधिनमा रही त्यस्तो व्यक्ति वा स्थानको तलासी लिने वा कुनै अधिकृत स्तरको कर्मचारीद्वारा त्यस्तो व्यक्ति वा स्थानको तलासी गर्न लगाउने र फेला परेमा त्यस्तो वस्तु वा लिखत कब्जा गर्ने वा गर्न लगाउने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल लिने वा लिन लगाउने,

(ख) खण्ड (क) र उपदफा (४) मा उल्लेख भएको अधिकारको प्रयोगसँग सम्बन्धित प्रचलित नेपाल कानुन बमोजिमको अन्य अधिकारहरूको प्रयोग गर्ने ।

६. **साक्षीले आयोग समक्ष बकेको कुरा निजका विरुद्ध प्रमाण नलाग्ने**: (१)कुनै व्यक्तिले साक्षीको रुपमा आयोग समक्ष बोलेको कुनै कुरालाई लिएर निजका विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाइने छैन । त्यस्तो कुरा कुनै अर्को मुद्दामा निजका विरुद्ध प्रमाणको रुपमा समेत लिईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले आयोग समक्ष बोलेको कुनै कुरा आयोगले सोधेको प्रश्नसँग सम्बन्धित नभएमा वा जानाजान झुठ्ठा बकेको कुरा प्रमाणित भएमा सो कुराका आधारमा प्रचलित कानून बमोजिम निज उपर मुद्दा वा कानूनी कारवाही चलाउन वा सो कुरा निजको विरुद्ध प्रमाणमा लगाउन यस दफाले बाधा पुर्याएको मानिने छैन ।

७. **आयोगको अवहेलना**: आयोगले आफनो अवहेलनामा कारवाही चलाउन सक्नेछ र आयोगको अवहेलना ठहराएमा पाँच हजारसम्म जरिवाना गर्न सक्नेछ । यस्तो जरिवाना प्रदेश सरकारले प्रचलित कानून बमोजिम असुलउपर गर्नेछ ।

तर आयोगलाई सन्तोष हुने गरी निजले क्षमायाचना गरेमा निजलाई आयोगले माफि दिन वा सजाय तोकिएको भए सो सजाय माफी गर्न सक्नेछ ।

८. **आयोगको विघटन**: (१) दफा ४ को उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएपछि वा आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधि समाप्त भएमा वा दफा ४ को

उपदफा (३) बमोजिम अवधि थपिएकोमा त्यस्तो अवधि समाप्त भएपछि आयोग स्वतः विघटन हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगको औचित्य नरहेको भन्ने मनासिब आधार भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सार्वजनिक सूचना प्रकाशित गरी जुनसुकै बेला आयोग विघटन गर्न सक्नेछ र त्यस्तो सूचनामा तोकिएको मितिदेखि आयोग विघटन भएको मानिनेछ ।

९. **<u>आयोगको कार्यविधि</u>**: यो ऐन र यस ऐन अन्तर्गतका नियमहरूको अधिनमा रही आयोगले आफ्नो कार्यविधि आफैंले निर्धारण गर्नेछ ।

१०. **<u>आयोगको कामकारवाही गोप्य रहने</u>:** (१) आयोगको सम्पूर्ण कामकारवाही गोप्य रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपालको सार्वभौमसत्ता, अखण्डता वा सामरिक महत्वका वा सार्वजनिक शान्तिसुव्यवस्थामा वा विभिन्न जात जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्धमा प्रतिकूल असर पार्ने तथा मित्रराष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने कुरा बाहेक प्रतिवेदनका अन्य विषय प्रदेश सरकारले सार्वजनिक जानकारीका लागि प्रकाशित गर्नेछ ।

११. **<u>कामकारवाही बदर नहुने</u>**: आयोगको कुनै सदस्यको स्थान रिक्त रहेको वा निज अनुपस्थित रहेको कारणले मात्र आयोगको कामकारवाही बदर भएको मानिने छैन ।

१२. **<u>असल नियतले गरेको कामको बचाउ</u>**: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको वा गर्न खोजिएको कुनै काम कारवाहीको निमित्त प्रदेश सरकार, आयोग, आयोगका कुनै सदस्य वा आयोगको निर्देशनमा काम गर्ने कुनै व्यक्तिको विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही गरिने वा मुद्दा चलाइने छैन ।

१३. **<u>नियम बनाउने अधिकार</u>:** यो ऐनको उद्देश्य कार्यान्वयन गर्नकोलागि प्रदेश सरकारले नियम बनाउन सक्नेछ ।

## अनुसूची

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>पद तथा गोपनीयताको शपथ</u>**

म............................ ईश्वर/जनताको नाममा सत्य निष्ठापूर्वक आयोगको अध्यक्ष/सदस्यको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी मेरो योग्यता, ज्ञान र विवेकले भ्याएसम्म भय, पक्षपात, लोभ वा द्वेषभाव नराखी पूरा गर्नेछु र मलाई आयोगको कामको सिलसिलामा जानकारी हुन आएका गोप्य कुराहरु आफ्नो जिम्मेवारी पूरा गर्नको निमित्त आवश्यक पर्नेमा बाहेक आयोगमा वहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष तवरले कुनै पनि किसिमबाट प्रकट गर्ने छैन ।

मितिः ..............................
हस्ताक्षरः ................
नामः ...............................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्र.